# सार्वजनिक तथा निजी जग्गामा फलफूल खेती विस्तार कार्यक्रम सञ्चालन प्रक्रिया,२०७६

प्रस्तावना:नेपालमा तराई देखि उच्च पहाडसम्मको जमिनको बनोट,पर्यावरणीय क्षेत्रतथा जलवायूको विविधताले प्रदान गरेको बाली विविधिकरणको अवसरका कारणव्यवसायिक फलफूल उत्पादनको प्रशस्त सम्भावना रहेको छ । नेपालमा आ.व. २०७३/७४ मा कूल १६२६६० हेक्टर क्षेत्रफलमा फलफूल खेती भैरहेको छ, सोमध्ये १,१०,५०१ हेक्टर उत्पादनशिल क्षेत्रफलबाट ९.२२ मे.टन/प्रति हेक्टरको दरले उत्पादन भई कूल १०,१८,३०८ मे.टन. फलफूल उत्पादन भएको छ(राष्ट्रिय फलफूल विकास केन्द्र, २०७५)। सो तथ्याङ्क अनुसार सोही आ.व. मा करिब ११ अरब रुपैयाँ बराबरको फलफूल आयात भएकोमा करिब ३ करोडरुपैयाँ बराबरको मात्र निर्यात भएको देखिन्छ। यसबाट फलफूलको क्षेत्रफल विस्तार गरी व्यवसायिक उत्पादन प्रवर्द्धनको माध्यमबाट आयात प्रतिस्थापन गर्न बाञ्छनीय भएकोलेराष्ट्रिय फलफूल विकास केन्द्रको आ.व. २०७६/०७७ को बार्षिक स्वीकृत राष्ट्रिय फलफूल विकास कार्यक्रमतर्फ सार्वजनिक तथा निजी जग्गामा फलफूल खेती विस्तार कार्यक्रमकार्यान्वयन गर्न **सार्वजनिक तथा निजी जग्गामा फलफूल खेती विस्तार कार्यक्रम सञ्चालन प्रक्रिया,२०७६**कृषि विभागले स्वीकृतगरी लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नामरप्रारम्भ: (१)यस कार्यक्रम सञ्चालन प्रक्रियाको नाम "सार्वजनिक तथा निजी जग्गामा फलफूल खेती विस्तार कार्यक्रम सञ्चालन प्रक्रिया, २०७६" रहेको छ।

(२) यो कार्यक्रम सञ्चालन प्रक्रिया कृषि विभाग बाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यक्रम सञ्चालन प्रक्रियामा,-

(क) **"सार्वजनिक जग्गा"** भन्नाले सरकारी वा सार्वजनिक निकायको स्वामित्वमा रहेको जग्गा सम्झनु पर्दछ;

(ख) **"निजी जग्गा"** भन्नाले फार्म, कम्पनी वा संस्था तथा व्यक्तिको स्वामित्वमा रहेको जग्गा सम्झनु पर्दछ।

(ग) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय सम्झनु पर्दछ।

(घ) **"प्रदेश मन्त्रालय"** भन्नाले प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ।

(ङ) **"विभाग"** भन्नाले कृषि विभाग सम्झनु पर्दछ।

(च) **"केन्द्र"** भन्नाले राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुर सम्झनुपर्छ।

(छ) **"सार्वजनिक निकाय"** भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (ख) बमोजिमका निकाय सम्झनु पर्दछ।

(ज) **"कृषि ज्ञान केन्द्र"** भन्नाले प्रदेश सरकार मातहतको कृषि ज्ञान केन्द्र सम्झनु

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

पर्दछ।

(झ) **"सहकारी संस्था"** भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको सहकारी संस्था सम्झनुपर्छ।

(ञ) **"समूह"** भन्नाले नेपाल सरकारका जिल्ला स्थित निकाय तथा स्थानीय तहमा विधिवत दर्ता भएको समूह सम्झनुपर्छ।

(ट) **"फर्म, कम्पनी वा संस्था"** भन्नाले प्रचलित कानून बमोजिम सरकारी कार्यालयमा दर्ता भई सञ्चालनमा रहेका फार्म, कम्पनी वा संस्था सम्झनुपर्छ।

(ठ) **"नेपाल सरकारबाट स्वीकृत कार्यविधि"** भन्नाले कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ सम्झनु पर्दछ ।

(ड) **"वार्षिक स्वीकृत कार्यक्रम"** भन्नाले केन्द्रको आ.व. २०७६/७७ को वार्षिक स्वीकृत कार्यक्रम सम्झनु पर्दछ।

(ढ) **"सिफारिस समिति"** भन्नाले दफा ७ को उपदफा (१) बमोजिमको समिति सम्झनु पर्दछ।

३. <u>कार्यक्रमकोउद्देश्य</u> :यस कार्यक्रम सञ्चालन प्रक्रिया अनुसार सञ्चालन हुने कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम हुनेछ:-

(क) सार्वजनिक खाली जग्गाहरुमा फलफूलका विरुवा रोपण गरी पर्यावरणीय सुधार तथा भू-उपयोगिता बढाई उत्पादनशिल बनाउने, र

(ख) निजी जग्गाहरुमा व्यवसायिक फलफूल खेतीको विस्तारलाई प्रवर्द्धन गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने।

## परिच्छेद-२
## सञ्चालन गरिने कियाकलाप

४. <u>सार्वजनिक जग्गामा फलफूल खेती विस्तार कार्यक्रम सञ्चालन प्रक्रिया:</u> (१)सार्वजनिक जग्गामा फलफूल खेती विस्तार कार्यक्रम सञ्चालनको प्रमुख जिम्मेवारी केन्द्रमा रहने छ । यस अन्तर्गत सार्वजनिक जग्गाको उपयुक्त खाली क्षेत्रमा फलफूल खेती विस्तार गरिनेछ तथा विभिन्न राष्ट्रिय उत्सव/दिवसहरुमा तोकिएका सार्वजनिक स्थलहरुमा कार्यक्रम सञ्चालन गरिने छ।

(२) उपदफा (१) बमोजिम फलफूल खेती विस्तार गर्दा विरुवा संख्याका आधारमा लागत ईष्टिमेट तयार गरी फर्म, कम्पनी वा संस्था मार्फत विरुवा रोपण, नियमित हेरचाह तथा संरक्षणको व्यवस्था गरिनेछ।

(३) उपदफा (१) बमोजिम फलफूल खेती विस्तार गर्दा आवश्यक पर्ने विरुवा सरकारी फार्मको हकमा सरकारी दरमा र निजी नर्सरीको हकमा बजार मुल्यमा खरिद गरिनेछ। विरुवा तथा विरुवा ढुवानीको व्यवस्था केन्द्रले गर्नेछ।



सूय प्रसाद पाडल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

(४) उपदफा (२) बमोजिम बिरुवा रोपण कार्य तथा सम्झौतामा उल्लेख भएका अन्य कार्यहरु सम्पन्न भएपछि सम्झौतामा तोकिए बमोजिम सम्बन्धित फर्म, कम्पनी वा संस्थाले केन्द्रमा भूक्तानी माग गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम भुक्तानी माग भई आएमा केन्द्रले आवश्यकता अनुसार अनुगमन गरी कार्य प्रगतिका आधारमा भुक्तानी दिनेछ ।

५. <u>निजी जग्गामा फलफूल खेती विस्तार कार्यक्रम सञ्चालन प्रक्रिया:</u> (१) निजी जग्गामा फलफूल खेती विस्तार कार्यक्रम सञ्चालनको प्रमुख जिम्मेवारी केन्द्रमारहने छ । यस कार्यक्रमको समन्वय तथा सहजीकरण प्रदेश मन्त्रालय अन्तर्गतका कृषि ज्ञान केन्द्र तथा संघीय र प्रादेशिक बागवानी फार्म/केन्द्रहरुर स्थानीय तहका निकायहरुबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिम निजी जग्गामा फलफूल खेती विस्तार गर्दा निजी फर्म, कम्पनी, संस्था एवं समुह, सहकारीहरुलाई प्रतिस्पर्धाका आधारमा अनुदान उपलब्ध गराईनेछ।

(३) राष्ट्रिय फलफूल विकास केन्द्रको स्वीकृत बार्षिक कार्यक्रममा समावेश भएका जिल्लाहरुमा उल्लेखित फलफूल वालीहरुको क्षेत्रविस्तार कार्यक्रम सञ्चालन गरिने छ।

(४) फलफूल क्षेत्र विस्तार हुने जग्गाको न्यूनतम क्षेत्रफल १० हेक्टर हुनुपर्नेछ।

## परिच्छेद-३
## <u>प्रस्ताव आह्वान, मूल्याङ्कन तथा छनौट</u>

६. <u>सूचना प्रकाशन</u>:(१) केन्द्रले कार्यक्रम सञ्चालनका लागि सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम तोकिएको योग्यता पुगेका फर्म, कम्पनी, संस्था तथा समूह वा सहकारीहरुलाई फलफूल खेती विस्तारको लागि अनुसूची-१ बमोजिमको प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रकाशन भएपछि अनुसूची-२ बमोजिमको योग्यता पुरा गर्ने ईच्छुक फर्म, कम्पनी, संस्था तथा समूह वा सहकारीहरुले उक्त सूचनामा तोकिएको समय भित्रमा अनुसूची-३ अनुसारको कागजातहरु तथा अनुसूची-४ अनुसारको प्रस्ताव संलग्न राखी केन्द्रमा शिलवन्दी आवेदन प्रस्ताव दर्ता गर्नुपर्नेछ ।

७. <u>प्रस्ताव मूल्याङ्कन र छनौट</u>:(१) यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम रीतपूर्वक दर्ता भएका प्रस्तावहरु मूल्याङ्कन गरी छनौट गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ ।

| | |
|---|---|
| प्रमुख, राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपूर | - संयोजक |
| प्रतिनिधि, कृषि विभाग | - सदस्य |
| लेखा प्रमुख, राष्ट्रिय फलफूल विकास केन्द्र | - सदस्य |
| प्रतिनिधि, वाणिज्य बैंक | - सदस्य |

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

वरिष्ठ बागवानी विकास अधिकृत, राष्ट्रिय फलफूल विकास केन्द्र - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमकोसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रस्ताव आह्वान सूचनाको नमुना, प्रस्ताव मुल्याङ्कन तथा छनौटको आधारहरु तयार गर्ने ।

(ख) केन्द्रलाई कार्यक्रम कार्यन्वयनका लागि प्राविधिक तथा आवश्यक राय सुझाव दिने ।

(ग) अनुदानग्राहीबाट प्रस्ताव माग गर्ने, प्राप्त प्रस्तावहरुको अनुसूची-५ बमोजिमको आधारमा मुल्याङ्कन गरी अनुदानग्राही छनौट गर्ने ।

(घ) अनुसूची-५ मा तोकिएको मुल्याङ्कन शिर्षक र अङ्कभार भित्र रहि थप मुल्याङ्कनका उपशिर्षक निर्धारण गर्ने ।

(ङ) छनौट भएका अनुदानग्राहीलाई उपलब्ध गराईने अनुदान रकम यकिन गर्ने र सम्झौताको लागि केन्द्रलाई सिफारिस गर्ने।

(च) सम्झौता अनुसारको विभिन्न चरणमा सम्पन्न भएका कार्यको प्रमाणीकरण गर्ने।

(छ) कार्यालयसँगको सम्झौता अनुसार अनुदानग्राहीले कार्य सम्पन्न गरे नगरेकोयकिन गर्ने ।

(ज) अनुदान रकमको किस्ता अनुदानग्राहीलाई भुक्तानी गर्न केन्द्रमा सिफारिस गर्ने ।

(झ) कार्यालयसँगको सम्झौता अनुसार कार्य प्रगति सन्तोषजनक नभएमा वा कार्यसम्पन्न हुन नसक्ने देखिएमा अनुदान किस्ता रकम रद्द गर्न वा अनुदान सम्झौता रद्द गर्न केन्द्रलाई सिफारिस गर्ने ।

(ञ) अनुदान उपयोगको नियमित अनुगमन गरी कार्यालय तथा बैंकलाई प्रतिवेदन दिने।

(३) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार बढीमा (३) तीन जना विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) प्रस्ताव मूल्याङ्कनको क्रममा प्रारम्भिक मूल्याङ्कन, स्थलगत प्रमाणिकरण लगायतका कार्यमा उपदफा (१) बमोजिमको समितिको काममा सहयोग गर्न समितिले उप-समिति गठन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको उप-समितिकोकाम कर्तव्य र अधिकार समितिले तोके बमोजिम हुनेछ।

सूय प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

(६) प्राप्त प्रस्तावहरुको प्रारम्भिक मूल्याङ्कन गर्दा अनुसूची- २ बमोजिमको न्यूनतम योग्यता पुरा गरेका प्रस्तावहरु मात्र स्थलगत निरीक्षण र थप मूल्याङ्कनका लागि योग्य हुनेछन्।

(७) अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको विवरण झुटो ठहरिएमा, प्राविधिक रुपले अनुपयुक्त देखिएमा वा आवश्यक न्युनतम योग्यता नपुगेको प्रमाणित भएमा सो प्रस्ताव अयोग्य ठहर हुनेछ।

(८) सिफारिस समितिले उपसमितिको प्रतिवेदनलाई समेत आधार मानी आयोजना छनौट गर्नेछ ।

(९) स्वीकृत कार्यक्रम बजेटको परिधिभित्र रहि अनुसूची–५ बमोजिम मुल्याङ्कनमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्ताव कार्यक्रम सञ्चालनका लागि छनौट गरिनेछ र प्रस्ताव छनौटका लागि न्यूनतम अंक ६० प्राप्त हुनुपर्नेछ ।

## परिच्छेद-४
## सम्झौता एवं अनुदान भुक्तानी

८. <u>अनुदान रकम निर्धारण</u>: (१) यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम छनौट भएका अनुदानग्राहीलाई उपलब्ध गराईने अनुदान रकम वार्षिक स्वीकृत कार्यक्रमको बजेट परिधिभित्र रही नेपाल सरकारबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

(२) प्रचलित ऐन तथा नियमावलीको परिधिमा रही सूचना प्रकाशन, छनौटका लागि मूल्याङ्कन समिति बैठक भत्ता, अनुगमन मूल्याङ्कन, कार्यालय सञ्चालन, सञ्चालन तथा मर्मत खर्च लगायतका कार्यका लागि अनुदान रकमको अधिकतम २.५% कन्टिन्जेन्सी वापत कट्टा गरिनेछ।

९. <u>अनुदानग्राहीसँग सम्झौता गरिने</u>:(१) अनुदानग्राहीको छनौट र अनुदान रकमको निर्धारण भए पश्चात केन्द्रले अनुदानग्राहीसँग अनुसूची-६ बमोजिम ढाँचामा सम्झौता गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा सम्वन्धित कार्यक्रम सञ्चालन प्रक्रियाले तोकेको प्रक्रियाको अलावा अनुदानग्राहीले कार्य शुरु गर्नुपर्ने समय, कार्य सम्पन्न गर्नुपर्ने समय, अनुदान भुक्तानी हुने बैंकका शाखा कार्यालय, विभिन्न समयमा कार्य सम्पन्न गर्नुपर्ने विषयहरु र सो अनुसार अनुदान प्रवाहको समय तालिका अनिवार्य उल्लेख गरिनेछ ।

१०. <u>अनुदान रकम भुक्तानी:</u> यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिमको अनुदान रकम भूक्तानी सम्वन्धमा गरिने सम्झौता एवं अनुदान प्रवाह विधि नेपाल सरकारबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

११. <u>भुक्तानी नभएको अनुदान रकम फिर्ता गर्नुपर्ने:</u> बैंकले सिफारिस अनुसार अनुदान प्रवाह गरी बचत हुन आउने रकम र अनुदान रद्द गरेको रकम समेतको विस्तृत विवरण सहित सोही आर्थिक वर्षभित्र कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

१२. <u>असुल उपर गर्नुपर्ने:</u> केन्द्रले यस कार्यक्रमसञ्चालन प्रक्रिया बमोजिम प्रवाह भएको अनुदान रकमको हिनामिना भएमा सम्बन्धित पक्षबाट सरकारी बाँकी सरह प्रचलित कानून अनुसार असुल उपर गरिनेछ ।

## परिच्छेद-५

## विविध

१३. <u>सञ्चालन हुने मुख्य-मुख्य क्रियाकलाप र सहजीकरण:</u> सरकारी तथा निजी जग्गामा फलफूल खेती विस्तार कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलाप र सहजिकरण देहाय बमोजिम हुनेछ:-

| क्र.सं. | कार्यक्रमको विवरण | क्रियाकलाप | जिम्मेवार निकाय |
|---|---|---|---|
| १. | फलफूल बगैंचा क्षेत्र विस्तार | अनुसूची-७ बमोजिमको क्रियाकलापहरुको प्याकेज | फर्म, कम्पनी, संस्था तथा समूह, सहकारीमा आवद्ध कृषक, राष्ट्रिय फलफूल विकास केन्द्र |
| २. | कृषि औजार उपकरण | सिकेचर, आरी, स्प्रेयर (फूट तथा पावर समेत), खाडल खन्ने मेसिन, पावर, मिनि टिलर, घाँस काट्ने र गोड्ने मेसिन, फल टिप्ने उच्च प्रविधि सामाग्री लगायत । | फर्म, कम्पनी, संस्था तथा समूह, सहकारीमा आवद्ध कृषक, राष्ट्रिय फलफूल विकास केन्द्र |
| ३. | परीक्षण सेवा | माटो परीक्षण तथा बाली संरक्षण सेवा | अनुदान ग्राही तथा प्रयोगशालाहरु |
| ४. | सिंचाई | पोखरी (प्लाष्टिक तथा सिमेन्ट), सिंचाई पाईप, थोपा सिंचाई, कुलो निर्माण | फर्म, कम्पनी, संस्था तथा समूह, सहकारीमा आवद्ध कृषक, राष्ट्रिय फलफूल विकास केन्द्र |
| ५. | बाली संरक्षण | आवश्यक विषादी तथा सामाग्रीहरु | फर्म, कम्पनी, संस्था तथा समूह, सहकारीमा आवद्ध कृषक, राष्ट्रिय फलफूल विकास केन्द्र |
| ५. | अनुगमन तथा निरीक्षण | स्थानीय तह, प्रादेशिक तथा केन्द्रिय निकायबाट | रा.फ.वि.केन्द्र कीर्तिपुर, कृषि विभाग, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट |

*(नोट: आवश्यकता अनुसार प्रस्तावकले अन्य कार्यक्रमहरु केन्द्रको सहमतिमा थप गर्न सक्ने छ। यसरी थपिएका क्रियाकलापहरुमा कृषि व्यवसाय प्रवर्द्धनको लागिअनुदान प्रवाह गर्ने*



सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

*कार्यविधि,२०७६को परिधी भित्र रही कार्यक्रम सञ्चालनगरिनेछ ।)*

१४. <u>विवरण प्रकाशन गर्नुपर्ने:</u> अनुदान प्रवाह गर्ने प्रत्येक केन्द्रले अनुदानग्राहीसँग भएको सम्झौताको बिवरण वेबसाइटमा नियमित अध्यावधिक गरी प्रकाशन गर्नेछ ।

१५. <u>बीमा गर्नुपर्ने</u>: यस कार्यक्रमसञ्चालन प्रक्रिया बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीले कृषि व्यवसायको बीमा गर्नुपर्नेछ।

१६. <u>प्रगति प्रतिवेदन पठाउनुपर्ने</u> : (१) नेपाल सरकारबाट स्वीकृत कार्यविधि बमोजिम अनुदान प्रवाहको प्रतिवेदन अनुसूची-८ र अनुसूची-९ बमोजिमको ढाँचामा बैंकले तयार गरी नियमित रुपमा केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) अनुदानग्राहीले कार्यक्रमको प्रगति विवरण अनुसूची-१० अनुसार नियमित मासिक रुपमा केन्द्रमा उपलब्ध गराउनु पर्नेछ ।

(४) केन्द्रले अनुदानग्राहीको नाम सहितको विवरण वेबसाइट मार्फत प्रकाशन गर्नु पर्नेछ ।

१. <u>अनुगमन र मूल्याङ्कन</u> : अनुदान प्राप्त परियोजना स्थापना र सञ्चालनको अनुगमन मन्त्रालय, विभाग, केन्द्र, प्रादेशिक तथा स्थानीय तहका सम्बन्धित निकायहरुबाट संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख/प्रतिवेदन अनुदानग्राहीले सुरक्षित राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दिइएको निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

१७. <u>दोहोरो सुविधा लिन नपाउने</u>: एक अनुदानग्राहीले एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन र अनुदानग्राहीले अनुदानमा प्राप्त आयोजना सम्बन्धी विवरणको बारेमा आयोजना स्थलमा खुलाई राख्नु पर्नेछ ।

१८. <u>अनुदानग्राही जिम्मेवारी हुने:</u> विशेष कारणवश वा काबू बाहिरको परिस्थिति बाहेकमा सम्झौता अनुरुप समय भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा पुरा भुक्तान नभएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ ।

१९. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यक्रम सञ्चालन प्रक्रियामा व्यवस्था भएका विषयहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछन्।

२०. <u>बाधा अड्काउ फुकाउने:</u> यस कार्यक्रम सञ्चालन प्रक्रियाको व्याख्यामा द्विविधा भएमा कृषि विभागले बाधा अड्काउ फुकाउनेछ।

२१. <u>संशोधन</u> : यस कार्यक्रम सञ्चालन प्रक्रियालाई आवश्यकता अनुसार विभागले संशोधन गर्न सक्नेछ।

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

अनुसूची-१

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

निजी क्षेत्रमा फलफूलखेती विस्तार कार्यक्रमको अनुदान सम्बन्धी प्रस्ताव आह्वानको सूचना

सूचना । सूचना।। सूचना।।।

आर्थिक वर्ष ............................ को राष्ट्रिय फलफूल विकास केन्द्रको वार्षिक स्वीकृत कार्यक्रम अनुसार निजीक्षेत्रमा फलफूल खेती विस्तार कार्यक्रम रहेको हुँदा ईच्छुक फर्म/कम्पनी/संस्था तथा समूह/सहकारीबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० (तिस) दिन भित्रअनुसूची–३ बमोजिमको आवेदनको साथ उल्लेखित कागजातहरु तथा अनुसूची-४ बमोजिमको ढाँचामा प्रस्ताव संलग्न राखी राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुरमा बुझाउनु हुन अनुरोध छ ।यस सम्बन्धमा थप जानकारीको लागि राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुरमा सम्पर्क गर्न सक्नु हुनेछ।

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

अनुसूची-२

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

## सार्वजनिक तथा निजी जग्गामा फलफूल खेती विस्तार कार्यक्रममा सहभागी हुने प्रस्तावकको योग्यता

(क) प्रस्तावकका तर्फबाट प्रस्ताव पेश गर्न जिम्मेवारी तोकिएको व्यक्तिलाई प्रस्तावकले अख्तियारी दिएको पत्र र निजको नागरिकताको प्रतिलिपी ।

(ख) कृषि ज्ञान केन्द्र/स्थानीय तहबाट संलग्न प्रस्ताव अनुसार कार्यक्रम सञ्चालन गर्न प्राविधिक रुपमा उपयुक्त रहेको र कृषि ज्ञान केन्द्र/स्थानीय तहबाट आवश्यक सहयोगको प्रतिबद्धता पत्र।

(ग) फर्म, कम्पनी, संस्था, समूह वा सहकारीको दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नं. र कर चुक्ता प्रमाणपत्र तथा लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी ।

(घ) कार्यक्रम सञ्चालनका लागि कार्यक्रममा तोकिए बमोजिमको जग्गा एकै ब्लक हुनु पर्नेछ (उल्लिखित जग्गाको लालपुर्जाको प्रतिलिपी र जग्गाको ब्लु प्रिन्टको प्रतिलिपी समाविष्ट हुनुपर्ने ।

(ङ) करारमा लिएको जग्गाको हकमा न्युनतम १५ वर्ष करार सम्झौता गरेको सम्झौताको प्रतिलिपी ।

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

अनुसूची -३

(दफा ६को उपदफा (२) सँग सम्बन्धित)

आवेदन फाराम तथा संलग्न गर्नुपर्ने कागजातहरु

रु. १०
को टिकट

श्री राष्ट्रिय फलफूल विकास केन्द्र,
कीर्तिपुर

मेरो फर्म/कम्पनी/संस्थातथासमूह/सहकारीबाट ..................... गा.पा./न.पा., ............... जिल्ला अन्तर्गत ........... ..........स्थानमा ........... जातको फलफूल बगैंचाको स्थापना गर्ने लक्ष रहेकोले सो का लागि लागत अनुमान रु. .......... मध्ये रु. ................ मेरै/हाम्रै संस्थाबाट व्यहोरी बाँकी रु. .............. अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमका कागजातहरु राखी निवेदन पेश गरेकोछु/गरेका छौं।

संलग्न कागजात

१. अनुसूची-३ अनुसारको आवेदन ।
२. नेपाली नागरिकताप्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
३. अनुसूची-४ अनुसार लेखिएको प्रस्ताव।
४. सम्बन्धित स्थानीय तह र कृषि ज्ञान केन्द्रबाट संलग्न प्रस्ताव अनुसार कार्यक्रम सञ्चालन गर्न प्राविधिक रुपमा उपयुक्त रहेको सिफारिस पत्र रआवश्यक आर्थिक सहयोगको प्रतिवदता पत्र।
५. फर्म/कम्पनी/संस्था तथा समूह/सहकारीको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,स्थायी लेखानं. र करचुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
६. कार्यक्रम सञ्चालनका लागि कार्यक्रममा तोकिए बमोजिमको जग्गा एकै ब्लक (न्यूनतम क्षेत्रफल १० हेक्टर) हुनु पर्नेछ। लालपूर्जाको प्रमाणित प्रतिलिपी र जग्गाको ब्लु प्रीन्टको प्रमाणित प्रतिलिपी संलग्न गर्नुपर्ने।
७. न्यूनतम १५ (पन्ध्र) वर्षसम्मको जग्गा धनीसँग करार गरेको सम्झौताको प्रमाणित प्रतिलिपी।

निवेदक

| | |
|---|---|
| दस्तखतः | फर्म/कम्पनी : |
| नाम थरः | ठेगानाः |
| पदः | फर्म/संस्थाको छापः |

आधिकारिक व्यक्तिको दस्तखत :

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

अनुसूची -४

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

## प्रस्तावको ढाँचा

१. फर्म/कम्पनी/संस्था तथा समूह/सहकारीको नामः

२. ठेगानाः

३. कार्यक्रम सञ्चालन हुने क्षेत्रफलः

४. विस्तार हुन सक्ने क्षेत्रफलः

५. परियोजनाको पृष्ठभूमी : (संस्था एवं स्थान परिचय र अवस्था, उद्देश्य)

६. परियोजनाको उद्देश्यः (बढीमा ५ बुंदामा )

७. कार्य योजनाः क्रियाकलाप (के, कति, कहिले, कसरी, कस्ले)

८. अपेक्षित प्रतिफलः (गणना गर्न सकिने मात्र )

९. लागत वजेटः (टेवल बनाउन सकिने) (अन्तमा जम्मा, संस्थाले व्यहोर्ने, माग गरिएको अनुदान)

१०. बिरुवाको श्रोत र उपलब्धताको सुनिश्चितताको प्रमाणः

११. दिगोपनाको योजनाः (संरक्षण योजना, मरेको बिरुवाको स्थानमा नयां बिरुवा रोप्ने र अन्य व्यवस्थापन कार्य, कम्तिमा ५ (पांच) बर्षे कार्ययोजना)

१२. नयाँ सोच केही भए उल्लेख गर्नुहोस् ..........................

प्रस्तावकसंस्थाको नाम :

ठेगानाः

दस्तखत (अधिकार प्राप्त व्यक्तिको):

मितिः

संस्थाको छाप :

नोटः प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा छुट्टै सिटमा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ ।

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

अनुसूची - ५

(दफा ७ को उपदफा (२) ग सँग सम्बन्धित)

<u>प्रस्तावको मुल्याङ्कन मापदण्ड</u>

१. भौगोलिक र वातावरणीय उपयुक्तता (१० अंक)

२. व्यवसायको विस्तारको प्रस्ताव।

| बाली | अंक (१५) | अंक (२०) | अंक (२५) |
|---|---|---|---|
| फलफूल | १० हेक्टर | १५ हेक्टर | २० हेक्टर |

३. संचालक तथा कम्पनीको आफ्नो जग्गा वा सेयरवालाको स्वामित्वमा रहेको जग्गा भएको हकमा (१५ अंक) र करार गरी भाडामा लिएको जग्गाको हकमा (१०अंक)

४. यातायतको पहुँच, विद्युत, सिंचाईको व्यवस्था (१५ अंक)

५. प्राविधिक ज्ञान, अनुभव र दक्षता (१५ अंक)

६. बजार तथा व्यवसायिक योजना (१५ अंक)

७. लगानीको श्रोतमा अन्य निकायको सहभागिता रहेको प्रमाण पेश गरेमा (५ अंक)

पूर्णाङ्क जम्मा :१००

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

अनुसूची - ६

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

<u>सम्झौता-पत्र</u>

आ.व. ................बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत प्रतिस्पर्धाका आधारमा फलफूल क्षेत्र विस्तार कार्यक्रम सञ्चालन प्रयोजनार्थ "सार्वजनिक तथा निजी जग्गामा फलफूल खेतीविस्तार कार्यक्रम सञ्चालनप्रक्रिया, २०७६"(नेपाल सरकार .......... को मिति २०७../ / मा स्वीकृत) अनुसार मिति २०७ / /मा गरिएको प्रस्ताव आव्हानको सूचना अनुसार यस कार्यालयको २०७../ / को निर्णयले ,जम्मा लागत रु ..........(अक्षरुपी ............ मात्र) मध्ये कार्यालयबाट अनुदान रु ............(अक्षरुपी ............मात्र) हुनेगरी तपशिल अनुसारको क्षेत्रफल विस्तार कार्यक्रम सञ्चालन गर्न निम्नानुसारका शर्तहरुमा मञ्जुर गरी यो सम्झौता गरिएको छ ।

| क. सं. | क्रियाकलाप | जम्मा लागत | कार्यक्रमबाट व्यहोर्ने | संस्थाले व्यहोर्ने | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

१. यो सम्झौता पत्र राष्ट्रिय फलफूल विकास केन्द्र कीर्तिपुर (प्रथम पक्ष) र सम्बन्धित ........... ........... (दोश्रो पक्ष) बीच फलफूल क्षेत्र विस्तार कार्यक्रम सञ्चालन गर्ने कार्यको लागि प्रयोग हुनेछ।

२. योसम्झौता दुवै पक्षबाट हस्ताक्षर भएको मिति देखि प्रारम्भ हुनेछ ।

३. दोश्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ (पन्ध्र) दिन भित्र शुरु गर्नु पर्नेछ।

४. प्रथम पक्षले दोश्रो पक्षलाई आयोजनाको प्रकृति अनुसार बढीमा .......... किस्तामा (कृषि व्यवसाय प्रवर्द्धनअनुदान कार्यविधि,२०७६ अनुसार) रकम उपलब्ध गराउनु पर्नेछ । दोश्रो पक्षलेसम्झौतमा तोकिएको मितिसम्ममा कार्य सम्पन्न गरि कार्यालयमा अन्तिम वील भर्पाई पेशगरि भुक्तानी माग गर्नु पर्नेछ ।

५. प्रथम किस्ता भुक्तानीका लागि दोश्रो पक्षले कम्तिमा ..............प्रतिशत(कृषि व्यवसाय प्रवर्द्धनअनुदान कार्यविधि,२०७६ अनुसार) कार्य गरेको हुनु पर्नेछ । सम्झौता बमोजिमको कार्य पुरा भएपछि अन्तिम वा दोश्रो किस्ता रकम प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

सूय प्रसाद पाडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

६. प्रथम पक्षले दोश्रो पक्षलाई किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकको मूल्याङ्कन तथा स्थलगत अनुगमन समितिको सिफारिसको आधारमा भुक्तानी गरिनेछ । दोश्रो पक्षले कार्य गर्दा प्राविधिकको निर्देशानुसार कार्य गर्नु पर्नेछ ।

७. अन्तिम किस्ता भुक्तानी गर्ने सम्वन्धमा प्राविधिकबाट मूल्याङ्कन गराई वील सहितको कार्य सम्पन्न प्रतिवेदन (फोटो समेत) तयार गरी दोश्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ। प्रथम पक्षले रीतपूर्वकको प्रतिवेदन तथा बिलहरु प्राप्त भए पछि भुक्तानीको आवश्यक व्यवस्था मिलाउने छ ।

८. दोश्रो पक्षले कार्य सम्पन्न प्रतिवेदनका साथ नगरपालिका/गाउँपालिका र कृषि ज्ञान केन्द्रबाट कार्यसम्पन्न भएको सिफारिस पत्र पेश गर्नु पर्नेछ।

९. दोश्रो पक्षले कार्यक्रमको प्रगति विवरण अनुसूची-१० अनुसार नियमित मासिक रुपमा राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुरमा उपलब्ध गराउनु पर्नेछ ।

..........................

प्रथम पक्षका तर्फबाट

नाम:

पद: प्रमुख

मिति :

कार्यालयको नाम र छाप:

..............................

दोश्रो पक्षका तर्फबाट

नाम:

पद:

मिति :

कार्यालयको नाम र छाप:

..............................

साक्षी :

नाम, थर :

पद:

मिति :

ठेगाना :

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

## अनुसूची - ७

(दफा १३ सँग सम्बन्धित)

**विभिन्न फलफूल बालीको उत्पादन प्याकेज प्रति हेक्टर**

| क्र.सं. | क्रियाकलाप | इकाई | आँप | कागती | सुन्तला | स्याउ |
|---|---|---|---|---|---|---|
| १ | बगैचारेखांकन गर्ने, बिरुवा रोप्न, खाडल खन्ने,मल मिसाउने तथा पुर्ने, टेका तथा छापोराख्ने ज्यामी | संख्या | ४५ | १२० | १०० | १०० |
| २ | बिरुवा/खाडल संख्या | संख्या | १०० | ४०० | ३०० | ३०० |
| ३ | मलखाद (प्रति खाडलतयारी गर्दा प्रयोग गर्ने | | | | | |
| | कम्पोष्ट | के.जी. | २५के.जी.x१००बोट=२५०० | २५के.जी.x४००बोट=१०००० | २५के.जी.x३००बोट=७५०० | २५के.जी.x३००बोट=७५०० |
| | यूरीया | के.जी. | १००ग्रामx१००बोट=१० | १००ग्रामx४००बोट=४० | १००ग्रामx३००बोट=३० | १००ग्रामx३००बोट=३० |
| | डीएपी | के.जी. | १००ग्रामx१००बोट=१० | १००ग्रामx४००बोट=४० | १००ग्रामx३००बोट=३० | १००ग्रामx३००बोट=३० |
| | पोटास | के.जी. | ५०ग्रामx१००बोट=५ | ५०ग्रामx४००बोट=२० | ५०ग्रामx३००बोट=१५ | ५०ग्रामx३००बोट=१५ |
| ४ | बिरुवा तथा सामग्रीढुवानी | रु. | | | | |
| ५ | बिरुवालाई टेका, पाईप तथा तार फिटिङ र छाप्रो व्यवस्थापन | रु. | | | | |
| ६ | कृषिऔजार उपकरण खरिद (सिकेचर, आरी, स्पेयर) | रु. | | | | |

नोट १ : सामग्रीप्रचलित बजार मूल्य तथा ज्याल जिल्ला दररेट अनुसार राख्ने । मेसिनरी औजारकोप्रस्तावकले जनश्रमकोमा न्यूनहुने संख्या तथा लागत कम गरी प्रस्ताव गर्नु पर्नेछ। आँपको हकमाआम्रपाली तथा अन्यजातको प्रति हेक्टर विरुवा संख्या तथा लागत फरक हुनेछ ।

सूर्य प्रसाद पौडेल

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

अनुसुची - ८

(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)

<u>मासिक प्रगति प्रतिवेदनको ढाँचा</u>

आर्थिक बर्ष: महिना:

| क्रम संख्या | बजेट उपशीर्षक नम्बर | कार्यक्रम | जिल्ला | अनुदानग्राहीको नाम | कार्यालयबाट जम्मा भएको अग्रिम निकासा रकम रु. | | बैंकबाट अनुदानग्राहीलाई भुक्तान भएको रकम रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | यस महिनाको | हालसम्मको | यस महिनाको | हालसम्मको | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

अनुसुची - ९

(दफा १६ को उपदफा (२) सँग सम्बन्धित)

चौमासिक/बार्षिक प्रगति प्रतिवेदनको ढाँचा

आर्थिक बर्ष:

| क्रम संख्या | बजेट उपशीर्षक नम्बर | कार्यक्रम | जिल्ला | अनुदानग्राहीको नाम | अनुदानग्राहीको फर्म/कम्पनीको नाम र ठेगाना | कार्यालयबाट जम्मा भएको अग्रिम निकासा रकम रु. | बैंकबाट अनुदानग्राहीलाई भुक्तान भएको रकम रु. | बैंकबाट फिर्ता दाखिला भएको अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२

अनुसुची - १०

(दफा १६ को उपदफा (२) सँग सम्बन्धित)

<u>मासिक/चौमासिक/बार्षिक प्रगति प्रतिवेदनको ढाँचा</u>

आर्थिक बर्ष:

| क्रं.सं. | अनुदानग्राहीको नाम | अनुदानग्राहीको नाम र ठेगाना | सम्झौता अनुसारको क्रियाकलापको विवरण | इकाइ | परिमाण | यस महिनाको प्रगति | हलसम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

सूर्य प्रसाद पौडेल
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
२०५२